खुम्बु पासाङल्हामु गाउँपालिका
Khumbu Pasanglhamu Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय, चौंरीखर्क, सोलुखुम्बु कोशी प्रदेश नेपाल
Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province Nepal

सूचना नं. ४३-२०८१/८२

# याक प्रवर्द्धन कार्यक्रम संचालनको लागि प्रस्ताव आवेदन पेश गर्ने सम्वन्धी सूचना ।

प्रथम पटक प्रकाशन मितिः२०८१/०८/१४

खुम्बु पासाङल्हामु गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२को बार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिल अनुसारको कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र (मिति २०८१/०९/०१ गते कार्यालय समय सम्म) यस गाउँपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयमा तपशिल बमोजिमका कागजात संलग्न गरी निवेदन पेश गर्नुहुन सम्बन्धित सबै (कृषक, कृषक समूह, कृषि सहकारी, कृषक उद्यमी, फर्म, कम्पनी) को जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव पेश गर्न अन्तिम दिन सार्वजानिक विदा पर्न गएमा अर्को दिन मध्यान्ह १२ बजेसम्म मान्य हुनेछ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु उपर कुनै कारबाही नगरिने वेहोरा जानकारी गराईन्छ।

तपशिलः

| क्र.सं. | कार्यक्रमको नाम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्युनतम मापदण्ड | अनुदानको सिमा |
|---|---|---|---|---|
| १. | याक प्रवर्द्धन कार्यक्रम | १. गोठ सुधार<br>२. आहार व्यवस्थापन<br>३. नश्ल सुधार, आधुनिक मेशिन औजार उपकरण खरिद<br>४. गोठमा पिउने पानी सुधार व्यवस्थापन आदि। | १. पशुपालन फर्म वडामा दर्ता भई पालिकामा सुचिकृत भएको हुनुपर्नेछ।<br>२. भौगोलिक क्षेत्र सुहाउने कार्यक्रम संचालन गर्नुपर्नेछ।<br>३. छनौट भएका आवेदकहरुले कार्यालयबाट उपलब्ध भएको लागत अनुमान र तोकिएको ढाचाँमा काम गर्नुपर्नेछ।<br>४. उक्त फर्ममा कम्तिमा २५ ओटा चौरी हुनुपर्नेछ।<br>५. फर्मका पशुहरुमा बिमाको टयाग अथवा पालिकाको ट्याग अनिवार्य हुनुपर्नेछ।<br>६. कार्यक्रम सम्बन्धी अन्य व्यवस्था चौरी प्रवर्द्धन कार्यक्रम कार्यविधी, २०८० अनुसार हुनेछ। | कुल लागतको ७५ प्रतिशत (अधिकत्तम) |

आवश्यक कागजातहरुः

१. कार्यक्रमको लागि तोकिएको ढाँचामा निवेदन ।
२. दर्ता /नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी ।
३. विस्तृत व्यवसायिक कार्ययोजना सहितको प्रस्ताव ।
४. समुह र सहकारीको हकमा अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपी ।
५. जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिएको भए भाडा सम्झौता पत्रको प्रतिलिपी ।

थप जानकारीको लागि पशु विकास शाखा ९७४९२१४१८७ मा सम्पर्क गर्न सकिने छ ।साथै प्रस्ताव सहितको निवेदन तथा व्यसायिक कार्ययोजनाको नमुना फाराम यस कार्यालयको वेबसाइट https://khumbupasanglhamumun.gov.np, यस कार्यालय वा सम्बन्धीत वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

८/१४

(अमृत प्रसाद भुसाल)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

१. श्री सुचना प्रविधि शाखा, वेबसाइट तथा फेसबुक पेजमा अपलोड गरिदिनु हुन ।
२. श्री वडा कार्यालय (सबै), सुचना प्रेषित तथा वडा कार्यालयमा आएका निवेदन संकलन गरिदिनु हुन ।

Email: ito.khumbupasanglhamumun@gmail.com, info@khumbupasanglhamumun.gov.np
Phone: +97738590046